**श्री**

**अछाम जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री नवीनकुमार जोशी**

**फैसला**

**मुद्दा नं.०७८-C१-००३८**

**मु.र.नं.८६-०७८-०००६६**

**निर्णय.नं.८५-०७८/०७९**

**मुद्दाः-जवरजस्ती करणी।**

**दायर मितिः २०७८।११।१०**

**वादीको नाम,थर,वतन**

परिवर्तित जिल्ला ६९ बस्ने परिवर्तित नाम (ढ२) को जाहेरीला वादी नेपाल सरकार....१

**साक्षीः**-परिवर्तित नाम (ढ२), महेश जैशी, परिवर्तित नाम (ण२) र परिवर्तित नाम (ड२)।

**कागजः**-पीडितको जन्म दर्ता प्रमाण पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन ।

**दशीः**-×

**प्रतिवादीको नाम,थर,वतन**

अछाम जिल्ला रामरोशन गाउँपालिका वडा नं.४ बाटुलासैन बस्ने काशिराम पण्डितको नाती, बासु पण्डित र दुर्गा पण्डितको छोरा बर्ष २० को नन्दराम खनाल...............१

**साक्षीः**-इन्द्रप्रसाद पण्डित, भोजराज खनाल र कमलप्रसाद खनाल।

**कागजः**×

**अदालतबाट बुझेको**

**साक्षीः**-पीडित परिवर्तित नाम (ढ२), परिवर्तित नाम (ण२), ईन्द्रप्रसाद पण्डित र डा. अतुल भारद्वाज।

**कागजः**-पीडितको जन्म दर्ता प्रमाण पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन ।

**दशीः**×

न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको सक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ।

## तथ्य खण्ड

१. म जाहेरवालीको मोवाईलमा वारदात मिति भन्दा तीन दिन पहिला प्रतिवादी नन्दराम खनालले फोन गरेका र निजले फोन गरेपछि निजसंग मेरो सामान्य कुराकानी भएको हो। मैले प्रतिवादीलाई पहिला चिनेको थिएन। फोनबाटै निज प्रतिवादीले म संग विवाहको प्रस्ताब गरेको हो। निजले मसंग विवाहको प्रास्ताव गरेपछि मैले म संग विवाह गर्ने भए मेरो घरमा माग्न आउ भनेपछि प्रतिवादी नन्दराम खनाल मिति २०७८।१०।१५ गतेको अं.१८:०० बजेको समयमा मेरो घरमा आएको हो। मेरो घरमा आएपछि निजले मेरी आमा संग विवाहको कुराकानी गरेको र उक्त साँझ प्रतिवादीले मेरो घरमा खानाखाई निज प्रतिवादी मेरै कोठामा भुईमा सुतेको हो भने म र मेरी बहिनी परिवर्तित नाम (ण२) सोही कोठाको खाटमा सुतेका हौं। राती अं. २३:३० बजेको समयमा एक्कासी प्रतिवादीले मलाई खाटबाट तल तानी मैले ईन्कार गर्दा मेरा स्तन समाती गालामा किस गर्दै मैले लगाएको अलादिन सुरुवाल जबरजस्ती खोली मेरो ईच्छा बिपरित जबरजस्ती करणी गरेको हुदा निजलाई कानून बमोजिम कारवाही गरीपाँउ भन्नेसमेत बेहोराको परिवर्तित नाम (ढ२) को जाहेरी दरखास्त रहेको देखिन्छ।

२. जिल्ला अछाम कमलबजार नगरपालिका वडा नं.७ स्थित पूर्वमा जामा खोला, पश्चिममा लाटेटिनको ढुंगा, उत्तरमा कोलको डाडा, दक्षिणमा जामा गाउँ देखि कवाँलेख जाने कच्चि सडक खण्ड। यती चार किल्ला भित्र जाहेरवाली परिवर्तित नाम (ढ२) को पश्चिम मोहडा भएको पत्थरले छाएको चार कोठे, दुई तले घर। सो घरको माथिल्लो तलामा रहेको पश्चिम मोहडा भएको कोठाको भुईमा मिति २०७८।१०।१५ गते राती २३:३० बजेको समयमा प्रतिवादी नन्दराम खनालले जाहेरवाली परिवर्तित नाम (ढ२) लाई सोही कोठाको उत्तर तिरको भित्ता संगै जोडीएको खटियाबाट तानी परिवर्तित नाम (ढ२) को स्तन समाती गालामा किस गर्दै निजले लगाएको अलादिन जबरजस्ती खोली निजको ईच्छा बिपरीत जबरजस्ती करणी गरेको भनिएको घटनास्थल मुचुल्का रहेको छ।

३. शरीर तथा यौनाङ्गमा कुनै पनि घाउ चोटपटक नरहेको तथा योनिद्वारको झिल्ली च्यातिएको जुन हालसालै च्यातिएको नभए तापनि यौनसम्पर्क भएको हुन सक्ने भन्नेसमेत बेहोराको जिल्ला अस्पताल अछामको पीडितको बिस्तृत शारीरिक परिक्षण प्रतिवेदन रहेको देखिन्छ।

४. वारदात मिति भन्दा ३/४ दिन पहिला मलाई मेरो साथीले विवाह गर्छस भने फोनगर भनि जाहेरवाली परिवर्तित नाम (ढ२)को मोवाईल नम्मर दिएको हो। त्यसपछि मैले परिवर्तित नाम (ढ२) लाई मेरो मोवाईल नम्मरबाट फोन गरेको हुँ। त्यसपछि म र जाहेरवालीको पटक पटक फोनमा कुराकानीकै क्रममा मैले निजलाई प्रेम प्रस्ताव राखेको हुँ। मैले निजलाई प्रेम प्रस्ताव राखेपछि निजले मेरो प्रेम प्रस्ताव स्वीकार गरेपछि मैले निजलाई बिवाह गरौं भनेको हुँ। मैले विवाह गरौं भन्दा निज जाहेरवालीले विवाह गर्ने भए मेरो घरमा आई मेरी आमासंग कुराकानी गर्नु भनेपछि म मिति २०७८।१०।१५ गतेको बिहान अं.१०:०० बजेको समयमा खाना खाई घरबाट एक्लै निजको घरमा गएको हुँ। म साँझ अं.१८:०० बजेको समयमा जाहेरवालीको घरमा पुगेको हुँ। निजको घरमा पुगेपछि मैले निजकी आमासंग म तपाईकी छोरी परिवर्तित नाम (ढ२) संग विवाह गर्छु, बिवाह कै कुरा गर्न म तपाईको घरमा आएको हुँ भनेपछि जाहेरवालीकी आमाले मलाई आज यतै बस्नु, भोली कुरा गरौंला भनि भनेकी हुँदा म उक्त साँझ निजकै घरमा खाना खाई सुतेको हुँ। जाहेरवालीकी आमा आफ्नो कोठामा सुत्न गएपछि जाहेरवाली, निजकी बहिनी परिवर्तित नाम (ण२) र म जाहेरवालीको कोठामा सुत्न गएका हौ। जाहेरवाली र निजकी बहिनी खाटमा सुतेकी हुन भने म सोही कोठाको भुईंमा सुतेको हुँ। केही समयसम्म हामीहरू तीनै जना कुराकानी गर्दै बसेका हौं। हामी कुराकानी गर्दै गर्दा जाहेरवालीकी बहिनी सुतेपछि मैले जाहेरवालीलाई म संगै सुत्न आउ भनि बोलाएपछि जाहेरवाली म संग सुत्न आएकी हुन्। जाहेरवाली र म संगै एउटै ओछ्यानमा पल्टेपछि निजले मलाई अंगालो हालेपछि मैले निजको गालामा किस गर्दै निजका स्तन समात्दै निजले लगाएको अलादिन सुरुवाल खोली निज जाहेरवालीकै सहमतिमा निजलाई करणी गरेको हुँ भन्नेसमेत बहोराको प्रतिवादी नन्दराम खनालले अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको देखिन्छ।

५. मिति २०७८।१०।१५ गतेको अं.१८:०० बजेको समयमा निज प्रतिवादी विवाहको कुरा गर्छु भनि पीडितको घर आएको। प्रतिवादीले पीडितको घरमा खाना खाई पीडितकै सुत्ने कोठाको भुईमा सुतेको र पीडित बहिनीसंग सोही कोठाको खाटमा सुतेको अवस्थामा राती निज प्रतिवादीले पीडितलाई जबरजस्ती खाटबाट तल तानी पीडितको ईच्छा बिपरीत पीडितका संवेदनशिल अंगहरु समाती पीडितले लगाएको अलादिन सुरूवाल जबरजस्ती खोली पीडितलाई जबरजस्ती करणी गरेको कुरा गाउँघरमा सुनी थाहा पाएको हुँ भन्ने बेहोराको महेश जैशीले गरेको घटना बिबरण कागज गरेका छन्।

६. मिति २०७८।१०।१५ गते साँझ प्रतिवादी दिदीको घरमा आएको हो। प्रतिवादी दिदीको घरमा आएपछि मैले दिदीलाई को हो भनि सोध्दा मेरो फोनबाट कुराकानी भई विवाहको लागि माग्न आएको केटा हो भनेकी हुन। उक्त साँझ प्रतिवादीले दिदीकै घरमा खाना

खाएको हो। साँझ खाना खाएपछि निज प्रतिवादी दिदीको सुत्ने कोठाको भुईमा सुतेको हो भने म र पीडित दिदी सोही कोठामा रहेको खाटमा संगै सुतेका हौं। राती म निदाउने बेला पीडित दिदी र प्रतिवादी आ-आफ्नो ठाउँबाट पल्टेर कुराकानी गरिरहेका थिए।म सुती निदाएका बेला राती अं. २३:३० बजेको समयमा एक्कासी पीडित दिदी मम्मी मम्मी भन्दै जोर जोरले कराएको आवाज सुनेपछि मेरो निद्रा खुलेको हो। निद्रा खुलेपछि पीडित दिदीलाई हेर्दा निज खाटमा थिईनन्, भुईमा निज प्रतिवादी सुतेको बिस्तामा बसेर बिस्तारै रोई रहेकी थिईन।पीडित दिदीलाई रोईरहेको देखेपछि मैले के भएको हो भनि सोध्दा राती सुतेका बेला एक्कासी निज प्रतिवादीले मलाई खाटबाट तल तानी मैले ईन्कार गर्दा पनि नछोडी मैले लगाएको सुरुवाल खोली मेरो ईच्छा बिपरीत मलाई करणी गर्यो भनि पीडितले भनेकी हुन भन्नेसमेत बेहोराको पीडितकी बहिनी परिवर्तित नाम (ण२) ले घटना बिबरण कागज गरेको देखिन्छ।

७. मिति २०७८।१०।१५ गते साँझ प्रतिवादी मेरो घरमा आई फोनबाट तपाईकी छोरी परिवर्तित नाम (ढ२) संग चिनजान भएको हो। म तपाईकी छोरीसंग विवाह गर्नको लागि तपाईसंग कुराकानी गर्न आएको हुँ भनि भनेको हो।प्रतिवादीले विवाहको कुरा गर्न आएको हुँ भनेपछि मैले आज यतै बस्नु भोली कुरा गरौला भनेपछि उक्त साँझ निज प्रतिवादीले मेरै घरमा खाना खाएपछि प्रतिवादी पीडित मेरी छोरी सुत्ने कोठाको भुईमा सुतेको हो भने पीडित छोरी र परिवर्तित नाम (ण२) सोही कोठामा रहेको खाटमा सुतेकी हुन। बिहान उठ्दा प्रतिवादी नन्दराम खनाललाई मैले घरमा देखेन। कता गयो भनि पीडित छोरीलाई सोध्दा राती म सुतेका बेला एक्कासी निज प्रतिवादीले मलाई खाटबाट तल तानी मैले ईन्कार गर्दा पनि नछोडी मैले लगाएको सुरूवाल खोली मेरो ईच्छा बिपरीत मलाई जबरस्ती करणी गरेर विहानै गएको भनि पीडित छोरीले भनेकी हुन भन्नेसमेत बेहोराको परिवर्तित नाम (ढ२) ले घटनाबिवरण कागज गरेको देखिन्छ।

८. पीडित परिवर्तित नाम (ढ२) को उमेर निजले अध्ययन गरेको विद्यालय श्री मनकामना देवी माध्यामिक विद्यालय, कमलबजार न.पा. वडा नं. ७ सेरा जामा, अछामको अभिलेख अनुसार जन्म मिति २०५९।१०।५ गते रहेको भन्ने बेहोराको कागज रहेको देखिन्छ।

९. मिति २०७८।१०।१५ गते अं.१८.०० बजेको समयमा प्रतिवादी नन्दराम खनाल मेरो घरमा आएको हो। मेरो घरमा आएपछि निजले मेरी आमासँग बिवाहको कुराकानी गरेपछि उक्त साँझ प्रतिवादीले मेरो घरमा खानाखाई निज प्रतिवादी मेरो कोठा भुईमा सुतेको हो भने म, मेरी बहिनी परिवर्तित नाम (ण२) सोही कोठाको खाटमा सुतेका हौं। सोही राती अं.२३.०० बजेको समयमा एक्कासी प्रतिवादीले मलाई खाटबाट तलतानी मैले ईन्कार गर्दासमेत मेरो स्तन समाती गालामा किस गरी मैले लगाएको अलादिन सुरूवाल खोली मेरो

ईच्छा बिपरीत जवरजस्ती करणी गरेको हुँदा प्रतिवादी नन्दराम खनाललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बिपरीत सोही संहिताको दफा २१९ को उपदफा (३) कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ङ) बमोजिम र सोही संहिताको दफा २२८ बमोजिम गरीपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदावी रहेको छ।

१०.जाहेरवाली पीडित परिवर्तित नाम (ढ२) लाई मैले जबरजस्ती करणी गरेको होईन। पीडित परिवर्तित नाम (ढ२) ले मलाई फोन गरी म तपाईसंग बिबाह गर्छु तपाई मेरो घरमा आउँ भनी निजले कर गरी बोलाएपछी म लगाएत ईन्द्रप्रसाद पण्डीत र भोजराज खनाल समेत निजको घरमा गएका हौ। म तपाईकी छोरी परिवर्तित नाम (ढ२) संग बिवाह गर्छु र बिवाहको कुरा गर्न हामी तपाईको घरमा आएका हौं भनेपछि निजको आमाले रात पर्न लाग्यो आज यतै बस्नुहोस् भनेपछी हामी तीनै जना निजको घरमा बसेका हौं। खाना खाईसकेपछि सुत्ने समयमा ईन्द्रप्रसाद पण्डीत, भोजराज खनाल र म संगै सुत्ने बेला परिवर्तित नाम (ढ२) ले तापईसंग केही कुरा गर्नु छ यता आउ भनी मलाई आफु सुत्ने कोठामा लगि आफ्नो कोठाको भुईमा ओछ्यान लगाई तपाई यता सुत्नुहोस् भनी पीडित र पीडितको बहिनी खाटमा सुतेका र निज पीडित र मेरो बिवाह सम्बन्धी कुराकानी गर्दा गर्दै पीडितकी बहिनी परिवर्तित नाम (ण२) सुतिसकेको बेलामा हामी दुवै बिच प्रेम सम्बन्ध सम्बन्धी कुराकानी भईरहेको समयमा पीडित एक्कासी खाटबाट उठेर म सुतिरहेको ओछ्यानमा आई तपाईसंग केहि कुरा गर्नु बाँकी छ भनी निजले मलाई अंगालोहाली म सुतेको ओछ्यानमा सुतेकी हुन्। उक्त समयमा हामी दुवै बिच सहमति भई निजकै सहमतिमा हामी दुई बिच करणी लिनु दिनु भएको हो। मैले पीडितलाई जबरजस्ती करणी गरेको छैन। उक्त दिनको राति अ. २३:३० बजेको समयमा परिवर्तित नाम (ण२) ले परिवर्तित नाम(ढ२) को र मेरो बिच बिवाहको कुरा र हामी दुवै जना बिच सहमतिमा करणी लिनु दिनु भएको कुरा थाहा पाएकी हुनसक्छन मलाई थाहा भएन। उक्त दिनको भोली बिहाना मेरो घरबाट अहिले विवाह नगर घरमा पनि मान्छे बितेका छन्। बिवाह गर्ने भएपछि अनुकुल समय मिलाएर बिवाह गरौला भनेपछि सो कुरा मैले पीडित परिवर्तित नाम (ढ२) लाई भनेपछि भोलिपल्ट बिहान हामी तिनै जना आफ्नो घरमा गएका हौं। पीडितले बिवाह गर्ने बहाना बनाउने हुन् भन्ने ठानी उक्त कुरा लेखाएकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादी नन्दराम खनालले यस अदालतमा बयान गरेको देखिन्छ।

११.पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी नन्दराम खनाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम गर्ने गरी

यस अदालतबाट मिति २०७८।११।११ गते भएको थुनछेक आदेशानूसारको कार्य गरेको देखिन्छ।

१२.मिति २०७८।१०।१५ गतेको बिहान मैले प्रतिवादी नन्दराम खनाललाई फोन गरी मेरो घरमा बिवाहको कुरा गर्न आउ भनी बोलाएकी हुँ। उक्त दिनको साँझ प्रतिवादी नन्दराम खनाल लगाएत ३ जनासमेत मेरो घरमा आएका हुन्। साँझको खाना खाई सुत्ने बेला प्रतिवादी नन्दराम खनाललाई तपाईसंग केहि कुरा गर्नु छ भनी मैले प्रतिवादी नन्दराम खनालाई बोलाएकी हुँ र मैले प्रतिवादीलाई नन्दराम खनालाई तपाई मेरै कोठामा सुत्नु भनी मेरो कोठाको भुईमा ओछ्यान लगाई दिएकी हुँ। हामी दुवै बिच बिवाह र माया प्रेमका कुराकानी भइरहेको बेला अ.११:३० बजेको समयमा म उत्तेजित भई निज सुतिरहेको ओछ्यानमा गई निजसंग अंगालो हालेकी हुँ। त्यसपछि निज र मेरो सहमतिमा १ पटक करणी लिनु दिनु भएको हो। मेरी बहिनी परिवर्तित नाम (ण२) उक्त समयमा सुतिसकेकी हुँदा उक्त घटनाको बारेमा थाहा पाएकी होइनन्। मैले प्रतिवादीसंग वारदातको भोली पल्ट बिहान अ.१० बजेको समयमा फोनगरी तपाई कहा हुनुहुन्छ हामीहरु कहिले बिवाह गर्ने भनी सोध्दा निजले मेरो घरमा अहिले जुठो (असुद्द) छ।उमेर पुगेपछि बिवाह गरौला भनेपछि निज मसंग बिवाह गर्दैन होला भन्ने सोची रिसको आवेगमा आई निज उपर किटानी जाहेरी दिएकी हुँ भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम (ढ२) ले यस अदालतमा बकपत्र गरेको देखिन्छ।

१३.प्रतिवादी नन्दराम खनाल दीदिको घरमा आएपछि मैले दिदीलाई को हो भनी सोध्दा मेरो फोनबाट कुराकानी भई बिवाहको लागि आएको केटा हो भनी भनेकी हुन्। उक्त साँझ निज प्रतिवादीले दिदी परिवर्तित नाम (ढ२) को घरमा खाना खाएका हुन्। साँझ खाना खाएपछि प्रतिवादी नन्दराम खनाल दीदीको सुत्ने कोठाको भुईमा सुतेका हुन् भने म र पीडित सोही कोठामा रहेको खाटमा सँगै सुतेका हौं। राती म निदाउने समयमा पीडित र प्रतिवादी आ आफ्नो ठाउँबाट पल्टेर कुराकानी गरीरहेका थिए। पछि मलाई निन्द्रा लागि म निदाई सकेकी थिँए। त्यसपछि के भयो मलाई थाहा छैन्। पीडित परिवर्तित नाम (ढ२) ले उक्त राति मम्मी मम्मी भन्दै जोरजोरले कराएको आवाज मैले सुनेको थिईन। मौकामा कागज गर्दासमेत उक्त बेहोरा मैले नलेखाई प्रहरीले मलाई उक्त कागज पढीबाची नसुनाई सहिछाप गर्न लगाएका हुन् भन्नेसमेत बेहोराको परिवर्तित नाम (ण) ले यस अदालतमा बकपत्र गरेको देखिन्छ।

१४.मिति २०७८।१०।१५ गते साँझ म सहित प्रतिवादी र एक जना अरू परिवर्तित नाम (ढ२) को घरमा निजले फोन गरी बोलाएकाले बिवाह सम्बन्धि कुरा गर्न भनी गएका हौं।उक्त साँझ खाना खाईसकेपछि सामान्य कुराकानी गरी हामी तिन जना एक कोठामा र

पीडित र निजको बहिनी सोही घरको अर्को कोठामा सुत्न भनी गएका हौं। केही समयपछि पीडित परिवर्तित नाम (ढ२) ले तपाईसँग केही कुरा गर्नु छ भनी प्रतिवादी नन्दराम खनालाई निज पीडित र निजको बहिनी सुतेको कोठामा बोलाएकी हुन्। पछि म र म सँगै भएका साथि अर्को कोठामा र पीडित, निजको बहिनी र प्रतिवादी एउटा कोठामा थिए। वारदातको मिति र समयमा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेका होईनन्। पीडितको घरमा हामीहरू बिवाह सम्बन्धि सामान्य कुराकानी गरी हाम्रो घरमा अहिले मानिस बितेका छन्। जुठो छ र तिम्रो उमेर पुगेपछि बिवाह गरौला भनी बिहान पीडितको घरबाट हामी तिनै जना कुराकानी गरी घरतिर गएका हौं। निज पीडित अहिले नै बिवाह गर्नु पर्छ भन्दै थिईन। हामीले हाम्रो घरमा जुठो छ, जुठो सकिएपछि र तिम्रो उमेर पुगेको छैन, उमेर पुगेपछि बिवाह गरौला भनी निजको घरबाट घर फर्केका थियौं। पीडितले प्रतिवादीले आफुसँग बिवाह नगर्ने होकी भन्ने सोची रिसको आवेगमा आई जाहेरी दिएको हुनुपर्छ। अन्य कारण केही छैन् भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी ईन्द्रप्रशाद पण्डितले यस अदालतमा बकपत्र गरेका छन्।

१५. पीडितको बाहिर शरीर तथा यौनाङ्गमा कुनै घाउ चोट नरहेको र यौनीद्वारको झिल्ली हालसाल नच्यातिएर पहिल नै च्यातिएको रहेको। जवरजस्ती करणी गर्दा हुने घाउ चोटपटक कुनै देखेको थिएन् भन्नेसमेत बेहोराको पीडितको शारीरिक परीक्षण गर्ने डा.अतुल भारद्वाजले यस अदालतमा बकपत्र गरेको देखिन्छ।

## ठहर खण्ड

१६. यसमा नियमबमोजिम पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री कौशलप्रसाद ढुँगाना र प्रतिवादी नन्दराम खनालको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री मातृकाप्रसाद भण्डारीले गर्नुभएको बहस सुनी मिसिल अध्ययनगरी ईन्साफतर्फ बिचार गर्दा प्रतिवादी नन्दराम खनाललाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने हो वा होईन भन्ने प्रश्नमा निर्णय गर्नुपर्ने देखियो।

१७. प्रस्तुत मुद्दामा मिसिल सँलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रभावित र प्रतिवादीको विस्तृत शारीरिक परीक्षण, प्रतिवादीको बयान कागज र बुझिएका मानिसले गरेको कागज समेतबाट यी प्रतिवादीले पीडित परिवर्तित नाम (ढ२) लाई जबरजस्ती करणी गरेको पुष्टि भएको हुँदा प्रतिवादी नन्दराम खनाललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) को कसूरमा सजाय गरीपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदावी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी नन्दराम खनालले यस अदालतमा बयान गर्दा पीडित परिवर्तित नाम (ढ२) सँग बिहे गर्नको लागि कुरा गर्न ईन्द्रप्रसाद पण्डीत र भोजराज खनाल समेतलाई साथै लिई गएकोमा साँझ परेकोले यतै बस्नुहोस भनेर पीडितको आमाले भनेपछि त्यहीं सुन्ते

व्यवस्थापन गर्दा पीडितले मलाई निजको कोठामा बोलाएको र उक्त कोठामा निजको बहिनी, पीडित र म समेत भई सुतेकोमा राति पीडित म सुतेको ओछ्यानमा सुत्न आएपछि सहमतिमा करणी भएको हो जबरजस्ती भएको होईन भन्नेसमेत बेहोराको बयान गरेको देखिन्छ ।

१८. मिसिल सँलग्न प्रमाणहरू हेर्दा, पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा योनिद्वारको झिल्ली च्यातिएको तर **Not a recent tear** उल्लेख भएको देखिन्छ भने पीडितको उमेर १८ वर्ष भन्दा माथिको रहेको देखिन्छ। त्यसैगरी साक्षीबकपत्र तर्फ हेर्दा पीडित परिवर्तित नाम (ढ२) ले यस अदालतमा बकपत्र गर्दा साँझको समयमा खानाखाई सुत्नेबेला प्रतिवादीलाई बोलाएको र मेरो कोठामा सुत्नुस भनेको हो त्यसपछि राति सहमतिमा १ पटक करणी भएकोमा निजले पछि उमेर पुगेपछि विवाह गरौंला भनेको हुँदा रिसले जाहेरी दिएको हुँ भन्ने बेहोरा लेखाएको देखिन्छ भने वादीको साक्षी वारदात भएको भनिएको कोठामा पीडित सँगै रहेकी परिवर्तित नाम (ण२) ले बकपत्र गर्दा राती निदाएको अवस्थामा त्यहाँ के कसो भयो थाहा नपाएको बेहोरा लेखाएको देखिन्छ। त्यसैगरी प्रतिवादीको साक्षी ईन्द्रप्रसाद पण्डितले आफु घटना भएको भनिएको दिन प्रतिवादीसँगै रहेको र पीडितले नै प्रतिवादीलाई बोलाएर आफु सुत्ने कोठामा लिएर गएको बेहोरा लेखाएको छन भने चिकित्सकले स्वास्थ्य परीक्षणमा जबरजस्ती करणी हुँदा घाउचोट इत्यादि पीडितको शरीर वा यौनाँगमा स्वास्थ्य परीक्षण गर्दाको अवस्थामा नदेखेको बेहोरा लेखाएको देखिन्छ।

१९. अब, निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीसँग सहमतिमा करणी भएको बेहोरा पीडितले नै बकपत्र गरेको र रिसले जाहेरी दिएको बेहोरा खुलाएको अवस्था देखिन्छ भने प्रतिवादीका साक्षी तथा वादीका साक्षीहरूको बकपत्र समेतबाट यी प्रतिवादीलाई घटना हुँदाको दिन पीडितले नै बोलाएर कोठामा लगेको तथ्य पुष्टि भएबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन सकेन, साथै पीडित परिवर्तित नाम (ढ२) ले रिसले जाहेरी दिएको भनेर यस अदालतमा बकपत्र गर्दा लेखाएबाट निजले प्रतिवादीलाई झुठ्ठो बेहोराले जाहेरी लगायतको कागज गरी झुठ्ठा मुद्दामा फँसाउन खोजेको तथ्य स्थापित भएको देखिन्छ। सो हुनाले यी प्रतिवादी नन्दराम खनालले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) विपरीतको कसूर गरेको तथ्य स्थापित नभएको अवस्थामा यी प्रतिवादीले अभियोग मागदावीबाट सफाई पाउने र परिवर्तित नाम (ढ२) लाई झुठ्ठा जाहेरी दिएर प्रतिवादीलाई झुठ्ठा मुद्दामा फसाउने प्रयत्न गरे वापतमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को देहाय (क१) बमोजिम ३ (तीन) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ। अरूमा तपसील बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरीदिएं ।

## तपसील खण्ड

- माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी नन्दराम खनालले आरोपित कसूरबाट सफाई पाउँने ठहरेकोमा प्रस्तुत मुद्दाको रोहमा आजै थुनामुक्त गर्नू भनी कारागार कार्यालय, अछाममा लेखी पठाउनू.......................................................................................................१
- जाहेरवाली परिवर्तित नाम (ढ२) लाई ३ (तीन) वर्ष ६ (छ) महिना कैद हुने ठहरी फैसला भएकोले सो कैदको लगत कसी नियमानुसार असुल उपर गर्नु भनी तहसील शाखामा लगत दिनू...................................................................................................................२
- प्रस्तुत इन्साफमा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम ७०(सत्तरी) दिनभित्र श्री उच्च अदालत, दिपायलमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, अछाम र जाहेरवाली परिवर्तित नाम (ढ२) लाई फैसलाको प्रमाणित प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू..............................................................................३
- सरोकारवालाले फैसलाको नक्कल माग गरे कानूनबमोजिम लाग्ने दस्तुर लिई फैसलाको नक्कल दिनू.......................................................................................................४
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी अपलोड गरेको निस्सा फैसलाको पीठमा जनाउनू..........................................................................................................५
- प्रस्तुत फैसला प्रमाणीकरण भएको जानकारी यस अदालतको सूचना पाटीमा टाँस गर्नू.........६
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री उच्च अदालत दिपायलमा पठाउने गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू...........................................७

.........................

जिल्ला न्यायाधीश

फैसला तयार पार्न सहयोग गर्ने

फाँटवाला ना.सुः-कमलप्रसाद ढुंगाना

टाईप गर्ने कम्प्यूटर अपरेटरः-नन्दकृष्ण जोशी

ईति संम्वत् २०७८ साल चैत्र १३ गते रोज १ शुभम्......................................

फैसला प्रमाणीकरण मितिः २०७८।१२।१४।२